श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फत्: श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।

रिट नं. ०७८- WO-०६१४

नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट ऐ .का
सचिव टेकनारायण पाण्डे ......................................................................लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट
अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली ..................................................विपक्षी
रिट निवेदक

मुद्दाः- उत्प्रेषण ।

उपर्युक्त विपक्षीले यस मन्त्रालय समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत समक्ष दायर गर्नु भएको उल्लेखित रिट निवेदनका सम्बन्धमा सम्मानित् अदालतबाट यसमा के, कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पेश गर्नु भन्ने व्यहोराको मिति २०७८/०९/०६ मा जारी भएको आदेश सहितको म्याद सूचना यस मन्त्रालयमा मिति २०७८/०९/२७ मा तामेली हुन आएकोमा तोकिएको म्याद भित्र निवेदकको माग बमोजिम आदेश जारी हुनु नपर्ने व्यहोराको आधार, कारणहरु खुलाई यो लिखित जवाफ प्रस्तुत गरेको छु ।

१. रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नु भएको विषय वस्तुको सम्बन्धमा रिट निवेदनबाट नै अवगत हुने नै हुँदा यहाँ उल्लेख गरिएको छैन।

२. गृह मन्त्रालय संविधान एवं कानून प्रद्दत नागरिकका हक अधिकारको संरक्षण र सम्वर्धन गर्न सदा कटिबद्ध रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्बन्धी कानून र सम्मानित सर्वोच्च अदालतद्वारा जारी भएका आदेशहरु समेतका आधारमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरुले आफ्नो पहिचान सहितको अधिकार निर्वाधरुपमा उपभोग गर्न पाउने वातावरण सृजना गर्नको लागि यस समुदायका व्यक्तिहरुलाई लिङ्गको महलमा महिला वा पुरुष बाहेक "अन्य" उल्लेख गरी नागरिकता जारी गर्न आवश्यक देखिएकोले नेपाल नागरिकता नियमावली, २०६३ को नियम

१७ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समूदायका व्यक्तिहरुलाई लिङ्गको महलमा "अन्य" जनाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९ बनाई जारी गरेको हो।

३. अतः यस मन्त्रालयबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकार समेत हनन् हुने कार्य नभए नगरेको हुँदा यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज भागी हुँद खारेज गरी पाउँ।

४. रिट निवेदकले विपक्षी बनाइएका अन्य निकायबाट प्रस्तुत हुने लिखित जवाफबाट थप पुष्टि हुने नै छ।

५. प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकीलको बहस जिकिर तथा निजले पेश गर्न सक्ने प्रमाण, कागजातलाई समेत यसै लिखित जवाफको अभिन्न अंग मानी पाउँ।

लिखित जवाफ प्रस्तुतकर्ता

....................................

(टेकनारायण पाण्डे)

सचिव

इति सम्वत् २०७८ साल माघ ५ गते रोज ४ शुभम् .....................................।